पर्सा जिल्ला अदालत
वीरगंज

# सुचना। सुचना। सुचना।

## श्री पर्सा जिल्ला अदालतबाट जारी भएको सुचना।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियण्टको संक्रमण जोखिमको रोकथाम र नियन्त्रण गर्न स्थानीय प्रशासनले यस जिल्लाभर लागू गरेको निषेधाज्ञाको कारण मिति २०७८/१/१६ देखि यस अदालतबाट प्रवाह हुने सेवा संकुचन गर्ने मिति २०७८/१/१४ र मिति २०७८/१/२४ मा निर्णय भएकोमा श्री उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजबाट मिति २०७८/२/२४ मा भएको निर्णय तथा न्यायका प्रमुख सरोकारवाला निकाय जिल्ला सरकारी वकील कार्यालय पर्सा, नेपाल वार एशोसिएशन पर्सा जिल्ला अदालत वार र न्यायका उपभोक्ता एवं सेवाग्राहीबाट प्राप्त सुझाव र आग्रह समेत विचार गरी हाल प्रवाह भई आएका सेवाका अतिरिक्त स्वास्थ्य सुरक्षाका आवश्यक मापदण्डको पालन गर्ने गरी यस अदालतबाट मिति २०७८/२/२६ देखि तपसिल बमोजिमका सेवा प्रवाह सुचारु गर्ने निर्णय भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

## तपसिलः-

१. अदालतमा सेवाग्राहीको भिडभाड नहुने गरी प्रतिउत्तर, निवेदन, लिखितजवाफ दर्ता समेतका कार्य र फिराद दर्ता प्रतिदिन बढीमा दश मुद्दामा नबढ्ने गरी गर्ने।

२. दुवै पक्ष तारेखमा उपस्थित भएका देवानी र व्यक्तिवादी फौजदारी मुद्दामा पेशी व्यवस्थापन गरी लगाउ बाहेकका प्रति इजलास बढीमा पाँच मुद्दाको सुनुवाई गर्ने।

३. नेपाल सरकार वादी भै चलेका थुनुवा मुद्दाको पेशी व्यवस्थापन गरी सुनुवाई र बकपत्र गर्ने।

४. पक्षको प्रतिनिधित्व कानून व्यवसायीबाट हुन सक्ने मुद्दामा परेका निवेदनमा अन्तर्कालीन आदेश र अन्तरिम आदेश सम्बन्धमा सुनुवाई गर्ने।

५. कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दामा मिलापत्र गर्ने र दावी फिर्ताको निवेदन परेका मुद्दामा दावी फिर्ता सम्बन्धी कार्य गर्ने।

६. दुवै पक्ष उपस्थित भई तारेख मिलान भएका डेढ वर्ष नाघेका मुद्दाको सुनुवाई गर्ने ।

२०७८/२/२५

श्रेस्तेदार
(उप-सचिव

७. न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो, प्रभावकारी र पहुँचयोग्य बनाउन सर्वोच्च अदालतबाट हालै जारी भएको *"अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई संचालन सम्बन्धी निर्देशिका, २०७८"* अनुसार श्रव्यदृश्य संवादको प्रयोग गरी पक्राउ अनुमति, जरुरी पक्राउ पूर्जी स्वीकृति, हिरासत वा निगरानी कक्षमा राख्ने आदेश, थुनछेक सम्बन्धी कार्य, वयान, बकपत्र, बहस पैरवी र श्रव्यदृश्य संवाद मार्फत गर्न सकिने अन्य कार्यको अभिलेखीकरण गरी यस अदालतको सूचना प्रविधि शाखाको समन्वयबाट व्यवस्थापन गरी संचालन गर्ने।

८. अदालत परिसरमा बेसरोकारवाला मानिसहरुको प्रवेश नियन्त्रणका लागि अदालतमा कार्यरत प्रहरी सुरक्षाकर्मी र अवस्था अनुसार जिल्ला प्रहरी कार्यालय पर्सामा अनुरोध गरी खटाईएका प्रहरी परिचालन गरी अदालत प्रशासनबाट निर्देशन र अनुगमन गर्ने।

९. स्वास्थ्य सुरक्षाका आवश्यक मापदण्ड पालन गरी एक वर्ष नाघेका निवेदनमा फैसला कार्यान्वयनको कार्य तहसिल शाखाले गर्ने।

१०. निर्णय कार्यान्वयनको लागि आवश्यक र उपयुक्त प्रवन्ध एवं व्यवस्थापन श्रेस्तेदार (उप-सचिव) एवं अदालत प्रशासनले मिलाउने।

११. जिल्लाभर कायम रहेको निषेधाज्ञाको अवस्था सामान्यीकरण भएपछि तारेख थाम्ने थमाउने लगायतका बाँकी सेवा प्रवाह अदालतले सूचना प्रकाशित गरी तोके बमोजिम सुचारु गर्ने ।

श्रेस्तेदार
(उप-सचिव)